श्रम विभाग द.प्र.प.नं:९/०६५/०६६

(ट्रेड युनियन ऐन, २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासङ्घ)

# पेसागत महासङ्घ नेपाल

Confederation of Nepalese Professionals (CONEP)

*(Affiliated to WFTU)*

## मे दिवसको अवसरमा शुभकामना बक्तव्य

१ मे, २०२६

श्रमिकहरुको महान चाड मे दिवसको अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण श्रमिक दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

श्रमिकहरुको महान चाडको रुपमा मनाइने मे दिवस को ऐतिहासिक एवं गौरवमय परम्परा र इतिहास छ । मे दिवस तमाम श्रमिकहरुको " एकता, विरता र संघर्ष" को प्रतिकको रुपमा मनाइन्छ ।

आज भन्दा १४० बर्ष अगाडि सन् १८८६ मे १ तारिखका दिन अमेरिकाको शिकागो शहरका मजदुरहरुले आफू माथि भई रहेको पूंजीवादी शोषणका विरुद्ध ८ घन्टा काम, ८ घन्टा विश्राम र ८ घन्टा विश्रामको माग राखि सडकमा उत्रिएर आन्दोलनको शुरुआत गरे। अमेरिकन सरकारले मजदुरहरुको आन्दोलनबाट डराएर जुलुसमा गोली वर्साउन थाल्यो । जुलुस प्रदर्शनमा प्रहरीको गोलीबाट हजारौं मजदुर घाइते भए र ६ जना मजदुर नेताको हत्या भयो । सडकमा खोलो झै रगत बग्न थाल्यो । तर मजदुरहरुको आन्दोलन झन् तीव्र भयो । लगातार ४ वर्ष सम्म मजदुरहरुले आन्दोलन गरे।अन्ततः अमेरिकन सरकार आन्दोलनकारी मजदुरहरु संग संझौता गर्न तयार भयो । र संझौताबाट मजदुरहरुले अगाडि सारेका माग पुरा गर्न बाध्य भयो । यसरी मे १ देखिन शुरुआत भएको आन्दोलनमा मजदुरहरुले बलिदान गरेर सफलता हासिल गरेको हुदा शिकागो शहरका मजदुरहरुको बलिदानको स्मरण र सम्मान गर्न सन् १८८९ मा भएको कम्युनिस्ट इन्टरनेशनलको दोश्रो सम्मेलनमा सर्वहारा वर्गका नेता एंगेल्सले राखेको प्रस्ताव पारित भए पछि सन् १८९० बाट मे दिवस संसार भर मनाउन थालिएको हो ।

मे दिवस मनाउन थालिएको १३६ वर्ष व्यतीत भएको छ । तर श्रम क्षेत्रमा श्रम शोषण व्याप्त छ। पूंजीवादले अधिक मुनाफा कमाउने लालसाले श्रमिकहरुलाई न्यून तलब ज्याला, अस्थायी, करार, ज्यालादारीमा काम गराउने सामाजिक सुरक्षाका सुविधा प्रदान नगरीकन काम गराउने गरेको छ ।

नेपालमा भर्खरै निर्वाचन सम्पन्न भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा सरकार गठन भएको छ । वर्तमान सरकारले शिक्षक, कर्मचारी, चिकित्सक, श्रमिक र भूमिहिन किसानका समस्या समाधान गर्ने सर्वत्र अपेक्षा भईरहेको बेला सरकारले जारी गरेको १०० बुंदे राष्ट्रिय प्रतिबद्धतापत्रमा श्रमिक कर्मचारीको ट्रेड युनियन खारेज गर्ने उल्लेख गरेको छ । र संघीय निजामती सेवा ऐनको मस्यौदा सार्बजनिक गर्ने क्रममा ट्रेड युनियन नरहने विषय सार्वजनिक गरेको छ ।

समाजका नागरिकहरुको संगठन स्वतन्त्रताको अधिकार झै श्रमिक कर्मचारीको अधिकार भनेको ट्रेड युनियन अधिकार हो । ट्रेड युनियन अधिकार अन्तर्गत - श्रमिक कर्मचारीलाई आफूलाई मन परेको ट्रेड युनियन गठन

गर्ने, ट्रेड युनियनको सदस्यता लिन पाउने, आफ्ना पीर मर्कालाई सरकार तथा व्यवस्थापन समक्ष मागको रुपमा पेस गरि सामुहिक सौदाबाजी गर्न पाउने र माग पुरा नभएमा दबाबमूलक हडताल गर्न पाउने अधिकार ( Right to Organize, Right to Collective Bargaining and Right to Industrial Action) पर्दछन । यि अधिकारहरु विश्व व्यापी मानवअधिकार घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित भएका अभिसन्धी नं ८७, ९८, १५१ र १५४ तथा नेपालको श्रम ऐन र ट्रेड युनियन ऐनले प्रदान गरेका अधिकार सरकारी निकायमा काम गर्ने कर्मचारी, शिक्षक लगायत सम्पूर्ण श्रमिकहरुले उपभोग गर्न पाउनु पर्दछ ।

नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सदस्य देश हो। ILO बाट पारित अभिसन्धीलाई नेपालले अनुमोदन गरेर श्रमिकको मौलिक हक अधिकारको रुपमा संविधानको धारा ३४ मा समेत ट्रेड युनियन अधिकार सुनिश्चित भएको छ। अतः सरकारले ILO बाट पारित अभिसन्धीहरु र संविधानको पालना गर्नु सरकारको कर्तव्य हो ।

वर्तमान सरकारले श्रमिकका आधारभूत अधिकारको रुपमा रहेका अन्तर्राष्ट्रिय अभिसन्धीहरु र नेपालको संविधानले प्रत्याभूति गरेको ट्रेड युनियन अधिकार कुण्ठित गर्ने हिसाबले ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने वा ट्रेड युनियन गठन गर्न नदिने कार्य भएमा यो लोकतन्त्र विरोधी कदम हुनेछ । सरकारले चाल्ने यस्तो कदम विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट विरोधको सामना गर्नुपर्ने हुन्छ र स्वयं अन्तर्राष्ट्रिय श्रम संगठनले नेपाल सरकारको यस्तो निर्णय विरुद्ध आवश्यक कदम चाल्ने छ । यस्तो अवस्थामा वर्तमान सरकारको छवि धमिलिने निश्चित छ । अतः यस्तो अप्रिय निर्णय नगर्न म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

सन् २०२६ को मे दिवस मनाइरहँदा शिक्षक, विद्यालय कर्मचारी, सरकारी कर्मचारी, अस्थायी, करार, राहतमा काम गर्ने कर्मचारी शिक्षका समस्या समाधान गर्न समेत सरकारको ध्यानाकर्षण गराउँदछु ।

प्रेमल कुमार खनाल
अध्यक्ष, पेसागत महासङ्घ नेपाल
प्रेसीडेन्सीयल काउन्सिल सदस्य
विश्व ट्रेड युनियन महासङ्घ (WFTU)